जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक ५२ | २०७७ साल असोज २ गते शुक्रबार (18 Sep. 2020 Friday) | मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिवाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन बर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह र अंगभंग भएमा अंगभंग भए सरह सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : देशको विविधताले सङ्घीयताको... ३ पृष्ठमा : प्रहरीको आचरण सुधार... ३ पृष्ठमा : युद्ध हुनुको कारणको...

# सप्तरीमा एकै दिन ३७ प्रहरीसहित ५३ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १ असोज ।**

सप्तरीमा एकै दिन बिहीबार ३७ प्रहरीसहित ५३ जना संक्रमित भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । ५३ जना संक्रमित थपिएसँगै एक हजार १ सय ४३ जना सङ्क्रमित पुगेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

स्वास्थ्य कार्यालयका अनुसार जिल्ला प्रहरी कार्यालयमा कार्यरत ३७ प्रहरी र सोही कार्यालयमा सरसफाई गर्ने राजविराज नगरपालिका ६ का १९ वर्षीय पुरुष सङ्क्रमित छन् ।

जिल्ला प्रहरी कार्यालय सप्तरीकाका अनुसार दुई प्रहरी निरीक्षक, तीन प्रहरी नायब निरीक्षक, चार प्रहरी सहायक निरीक्षक, चार हवल्दार र अन्य प्रहरी सङ्क्रमित भएका हुन् भने त्यसमा दुई महिला प्रहरी छन् ।

यसैगरी ३५ वर्षीय चिकित्सक, राजविराज ३ का ४५ वर्षीय अभिवक्ता, भिम दल गणका ३७ वर्षीय पुरुषसमेत सङ्क्रमित भएको अस्पतालका निमित्त मेडिकल सुपरिटेण्डेण्ट डा. रणजितकुमार झाले जानकारी दिए ।

यस्तै तिरहुत गाउँपालिका २ का २९ वर्षीय, राजविराज-११ का १५, १८ र ३५ वर्षीय पुरुषमा समेत सङ्क्रमण देखिएका छन् ।

त्यसैगरि कञ्चनरुप नगरपालिका ६ की पाँच र २५ वर्षीया, वडा नं ८ की ३३ वर्षीया र वडा नं ९ की २७ र ४१ वर्षीया महिला तथा विष्णुपुर गाउँपालिकाका ४५ वर्षीय पुरुष सङ्क्रमित भएका छन् ।

यस्तै कोशी अस्पताल विराटनगरको प्रयोगशालामा गरिएको परीक्षणमा महादेवा गाउँपालिकाका ११ वर्षीय र सुरुङ्गा नगरपालिका-२ का ४० वर्षीय पुरुषमा सङ्क्रमण देखिएको छ ।

संक्रमित मध्ये १ सय ९९ महिला र ९ सय ४४ पुरुष छन् । स्वास्थ्य कार्यालयका निमित्त प्रमुख दुनियालाल यादवका अनुसार संक्रमितमध्ये १ सय ११ महिला र ६ सय ३९ पुरुष निको भएर घर फर्किएका छन् । संक्रमण पुष्टि भएका एक महिला र आठ पुरुषको मृत्यु भएको छ ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

**भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**फारम बितरण मिति : २०७७/५/३० गतेदेखी**
**फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
**राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक**
**फोन नं. ०३१-५२१४७८**
**मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५**

**NOVEL CORONA VIRUS (nCOV)**
**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**



ज्वरो (१००.४°F भन्दा माथि) | श्वास प्रश्वासमा अत्याधिक समस्या | रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | City Express | IME International Money Express | IME pay | himal remit हिमालरेमिट | CG Money | MoneyGram money transfer

## दूरी कायम गरी पशुपति मन्दिर खोल्न माग गर्दै धर्ना

काठमाडौं, १ असोज (रासस)।

छ महिनादेखि बन्द रहेको पशुपतिनाथ मन्दिर लगायत मठ, मन्दिर, चैत्य, गुम्बा भौतिक दूरी कायम गरी खुला गर्नुपर्ने माग गर्दै पशुपति क्षेत्रमा भक्तजनले धर्ना दिन थालेका छन्।

कोरोना भाइरसको सङ्क्रमणबाट बच्न चैत ११ गतेदेखि बन्दाबन्दी लगाएपछि पशुपतिनाथ लगायत मठ, मन्दिर, बौद्ध, स्वयम्भू लगायत गुम्बा, चैत्य भक्तजनका लागि बन्द गरिएकामा अन्य क्षेत्र खुल्दा पनि धार्मिक स्थलतर्फ सरकारको ध्यान नगएको भन्दै विश्व हिन्दू महासङ्घको नेतृत्वमा पशुपति क्षेत्रमा शान्तिपूर्ण धर्ना दिइएको हो।

भौतिक दूरी कायम गरी सुरक्षाका सबै उपाय अपनाएर धार्मिक, सांस्कृतिक स्थल खुला गर्न माग गर्न बसेका शान्तिपूर्ण धर्नाकारीमाथि प्रहरीले लाठीचार्ज गरी दुई जनालाई घाइते बनाएको महासङ्घका महासचिव गणेशप्रसाद न्यौपानेले राससलाई जानकारी दिनुभयो। प्रहरीले विश्व हिन्दू युवा सङ्घका संयोजक ऋषिकेशजङ्ग शाह, महासङ्घका पुष्प पराजुली लगायतलाई लाठी प्रहार गरी घाइते बनाएको छ। धर्नापछि आयोजित कार्यक्रममा महासङ्घका अध्यक्ष रामचन्द्र अधिकारीले वैदिक सनातन एवं ओमकार परिवारभित्रका बौद्ध लगायत मौलिक धर्मलाई सिध्याउने खेल भइरहेकाले सचेत हुन आह्वान गर्नुभयो।

पशुपति क्षेत्र विकास कोषले असार अन्तिम साता महामारीमा मन्दिर खोल्ने सम्बन्धी मापदण्ड बनाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेश गरेको छ। मन्दिर खोल्ने मापदण्ड मन्त्रालयले मन्त्रिपरिषद् बैठकमा पेश गरेकोसम्म जानकारी प्राप्त भएको कोष सञ्चालक परिषद् सदस्य संहिताशास्त्री अर्जुनप्रसाद बास्तोलाले जानकारी दिनुभयो। गत हप्ता कमलादी गणेश मन्दिर दुई दिन खुला भएपछि भीड बढेकाले बन्द भएको थियो। धार्मिक अभियानकर्मी प्रकाशजङ्ग रायमाझी पशुपतिको फूल, प्रसाद, चन्दन बाहिर ल्याएर वितरण गरी मूल मन्दिरभित्र प्रवेश गर्न दिनु नहुने बताउनुहुन्छ। उपत्यकामा कोरोना सङ्क्रमण बढिरहेको, स्वास्थ्य पूर्वाधार नभएको, सरोकार भएका निकायको यसतर्फ ध्यान नगएको अवस्थामा मन्दिरभित्र प्रवेश गर्न दिँदा असहज अवस्था आउन सक्ने भएकाले धैर्य गर्नुपर्ने उहाँको भनाई छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# देशको विविधताले सङ्घीयताको माग गरेको हो : मन्त्री त्रिपाठी

काठमाडौं, १ असोज (रासस)।

मुलुकमा नयाँ संविधान जारी भएको पाँच वर्ष पूरा हुँदैछ। इतिहासमै पहिलोपटक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागू भएपश्चात् अहिले त्यो कार्यान्वयनको चरणमा छ। पुरानोबाट नयाँ प्रणाली जाँदा केही समस्या जरुर उब्जिएका छन् तर, सबै तह र तप्काका नागरिकमा संविधानप्रति अपनत्व जगाउने अभ्यास जारी छ।

एउटै सरकारको पालामा संविधानमा समावेश भएका सबै कुरा पूरा हुन नसक्ने धारणा राख्नुहुने सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठी अहिलेसम्मको स्थितिलाई समीक्षा गर्दै विरक्त हुनुपर्ने स्थिति नरहेको बताउनुहुन्छ। उहाँ निजामती सेवा विधेयक संसदको आगामी अधिवेशनबाट पारित हुनेमा आशावादी देखिनुहुन्छ। राज्य पुनःसंरचनालाई भौगोलिक पुनःसंरचनाको रूपमा मात्रै हेर्न पुग्दा समस्या उब्जिएको ठान्नुहुने मन्त्री त्रिपाठीसँग संविधान दिवसका सन्दर्भमा रासस समाचारदाता नारायण ढुङ्गानाले गर्नुभएको कुराकानीको सारसङ्क्षेप यहाँ प्रस्तुत गरिएको छ।

**नयाँ संविधान जारी भएको पाँच वर्ष पूरा हुँदैछ, त्यसको कार्यान्वयनको अवस्था कस्तो पाउनुभएको छ ?**

- मूलभूत रूपमा संविधान कार्यान्वयनका धेरै चरण पार भइसकेका छन्। संसारमै संविधानका दुई रूप हुन्छन् - एउटा आदर्श छवि र अर्को वस्तुगत छवि। संविधान हेर्ने हो भने विश्वका कुनै देश गरीब छैनन् तर, वस्तुगत छवि फरक हुन्छ। संविधानका कतिपय व्यवस्था त्यस्ता हुन्छन्, जुन एउटै झड्काले पूरा हुन्न। जस्तै मानवअधिकारका समस्या जीवित भइरहन्छ, नयाँ चुनौती थपिँदै जान्छ।

मानवअधिकार, समानता, बालअधिकार, विभेद, समावेशीकरणका कुराहरू एकै कार्यकालमा या १०/२० वर्षमा समाधान हुने विषय होइन। प्रश्न के हो भने संविधानले त्यो सिद्धान्तलाई स्वीकार गरेको छ कि छैन, बाटो बनाएको छ कि छैन भन्ने हो, त्यसलाई हेर्नुपर्छ। यी दुईटै कुरा हामीले गरेका छौं। त्यसकारण एउटै सरकारको पालामा संविधानमा समावेश भएका सबै कुरा पूरा भए कि भएनन् भन्नु संविधानवाद होइन।

**मुलुकमा पहिलो पटक सङ्घीय शासन प्रणाली अवलम्बन भयो र अहिले कार्यान्वयनको चरणमा छ, अपेक्षा गरे जत्तिकै उपलब्धि हासिल भएको छ ?**

- सबैभन्दा पहिलो त संविधानले केही युगान्तकारी परिवर्तन गरेको छ। झण्डै दुई शताब्दिसम्म राजकीयसत्ता र सार्वभौमसत्ताको स्रोत कहाँ रहने भन्ने विवाद थियो। यो संविधानले नेपालको राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहीत रहने छ भनेर निरूपण गरिदिएको छ। यो आफैँमा पनि ऐतिहासिक र युगान्तकारी परिवर्तन हो।

दोस्रो विषय नेपाली समाजको वास्तविकता र यसका चुनौतीलाई संविधानको प्रस्तावनाले सुन्दर र यथार्थपरक ढङ्गले चित्रण गरेको छ। विगतका भूल र ऐतिहासिक प्रश्नलाई समेट्दै चुनौती के के हुन् प्रस्तावनामा स्पष्ट गरिएको छ। त्यसको आधारमा बाँकी धारा रहने हुन्। कार्यान्वयनको महत्वपूर्ण चरण संविधानले अङ्गीकार गरेको तीन तहको निर्वाचन सम्पन्न भइसकेको छ। हामीले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मूलभूत सिद्धान्तलाई स्वीकार गरेर संरचनाहरू निर्माण गरिसकेका छौं। अर्को एउटा भ्रम के छ भने देश संविधानले चल्छ भन्ने गरिन्छ तर, संविधानवादले चल्ने नभई राज्य संविधानले चल्छ। राज्यका अङ्गहरू व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकाको व्यवस्था संविधानमा गरिएको हुन्छ। यसबाहेकका परम्परा, रीतिथिति, सामाजिक मर्यादालगायत समग्र समाज संविधानले चल्ने हो। यसअर्थमा निर्वाचन पश्चात् निर्माण भएका संरचनाहरूले एउटा चरण पार गरिसकेको छ।

**अहिलेको अवस्थामा सङ्घीयताको औचित्यलाई कसरी पुष्टि गर्नुहुन्छ ?**

- सङ्घीयता कुनै लहड र रहरमा आएको होइन। नेपाली समाजको बनोटले नै निर्देशित गरेको हो। अहिलेसम्म हाम्रो केन्द्रीय शासन प्रणालीका प्रयास, त्यसका विफलता र त्यसले उब्जाएको अन्तरविरोधले त्यसतर्फ जान प्रेरित गरेको हो। विविधतायुक्त हाम्रो समाजलाई संविधानले नै स्वीकारेको छ। बहुजातीय र बहुभाषिक समाजले सङ्घीयतालाई निम्तो गर्छ। जहाँको समाज एकाङ्की छ या एउटैको बाहुल्य छ, चाहे जातजाति, भाषा, संस्कृति होला, चाहे धर्म होला, त्यहाँ सङ्घीयताको स्वरूप अलग रूपमा जान सक्छ। प्रशासनिक संरचनाले पनि काम गर्न सक्छ। तर, हाम्रो देशको विविधताले नै सङ्घीयताको माग गरेको हो र त्यही आवश्यकतालाई महशुस गरेर ल्याइएको हो। यसमा केही आफ्नै मौलिक चरित्र पनि छ। जस्तो हाम्रो संविधानले अङ्गीकार गरेको स्थानीय तह असाधारण अधिकारयुक्त छ। सङ्घ र प्रदेश अथवा सङ्घीय संसद र प्रदेशसभा विघटन हुन सक्छ तर, स्थानीय तह विघटन हुन सक्दैन। हामीले दुई प्रकारका निर्वाचन प्रणाली पनि स्वीकारेका छौं। सङ्घ र प्रदेशमा संसदीय निर्वाचन प्रणाली स्वीकार गरेका छौं तर, स्थानीय तहमा प्रेसिडेन्सियल फर्म अफ इलेक्सन। त्यो अहिले अभ्यास के चरणमा छ। अहिलेसम्म विरक्त हुनुपर्ने वा विफल हुने कुनै लक्षण देखा परेको छैन।

**साधारण मानिसले बुझ्ने गरी सङ्घीयताको औचित्यता अलि खुलस्त पारिदिनुस् न।**

- म यसरी भन्छु केन्द्रीयसत्ता असफल भइसकेको, राजतन्त्र र गैरलोकतान्त्रिक प्रणाली असफल भइसकेको अवस्थामा त्यसको विषयमा धेरै छलफल गर्नैपर्दैन। त्यसपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको हो। यो कसैको दया मायाले स्थापना भएको हैन। यो धेरै त्याग, बलिदान र सङ्घर्षपछि स्थापित भएको हो। महत्वपूर्ण औचित्यता यसैमा छ। जुन विफल भइसकेको छ, त्यसको विकल्पमा आएको हो। औचित्यता पुष्टि गर्नलाई ग्रामीण जनजीवनमा परेको प्रभाव हेर्नुपर्छ। विकास निर्माणलगायतका विषय एक ढङ्गले अघि बढेको छ। यही महामारीमा स्थानीय तह र प्रदेशले खेलेको भूमिकाले नै यसको औचित्य पुष्टि गरिरहेको छ।

**कतिपय सवालमा प्रदेश र स्थानीय तहको भूमिकालाई लिएर प्रश्न उठिरहेको त देखिन्छ नि ?**

- हामीकहाँ केही पनि भएन भन्ने एउटा थेगो जस्तो नकारात्मक मनोविज्ञानले ग्रस्त समूह छ। स्थानीय तह क्रियाशील नभएको भए कोरोना विरुद्धको लडाइँमा हामी धेरै अप्ठेरोमा परिसक्थ्यौं। विदेशबाट आउने नेपाली नागरिकको पहिचान गर्ने, तिनलाई क्वारेन्टिन र आइसोलेसनको व्यवस्था गर्ने या राहत वितरण गर्ने काम महत्वपूर्ण ढङ्गले स्थानीय तहले नै गरेको हो। यो नेपाली जनताले महशुस नै गरिसकेका छन्। प्रदेशको भूमिका हेर्नु भो भने स्वास्थ्यको क्षेत्रमा प्रादेशिक स्वास्थ्यलाई महामारीको कालमा जुन प्रभावकारी ढङ्गले सञ्चालन गरे, सम्भवतः केन्द्र एक्लै भएको भए कहीँ न कहीँ कमी रहन्थ्यो होला। भनिन्छ सङ्कटमा जुन प्रणालीले सफलपूर्वक काम गर्छ त्यही प्रणाली सफल हो। सङ्कटमा हामीले अपनाएको प्रणालीले नै सफलपूर्वक काम गरिरहेको छ, यही प्रणाली उपयुक्त ठहरियो।

**कर प्रणालीमा समेत केही समस्या त उब्जिए ?**

- हामीले स्थानीय तहको निर्वाचन गर्‍यौं। त्यसबेला स्थानीय तहको काम, कर्तव्य र अधिकार स्पष्ट भइसकेको थिएन। त्यसले केही द्विविधा आयो। सबै स्थानीय तहले आफू अनुकूल कर लगाउन खोज्दा केही विकृति विसङ्गति देखापर्‍यो। समाजलाई केही अपच हुने जस्ता कुराहरू पहिलो कालखण्डमा देखा परेका हुन्। तर ती सबै करीव करीव समाधान भइसकेका छन्।

**संविधानको अनुसूचीमा तीन तहको अधिकार क्षेत्र स्पष्ट रूपमा उल्लेख छ तर, अधिकार क्षेत्र र स्रोत साधनको बाँडफाँडमा विवाद कायमै छ। प्रदेशले मुद्दा हाल्ने अवस्था आउनुले सङ्घीयता कार्यान्वयनमा जटिलता देखापरेको दशाउँदैन र ?**

- पहिलो पटक सङ्घीयताको अभ्यासमा गएको मुलुकमा यस प्रकारका मुद्दा, मामिला, माग, आग्रह राख्नु स्वाभाविक नै हो, सङ्घीयताको सौन्दर्य नै यही विवाद हो। सयकडौं कानून एकमुष्ट रूपले संसदबाट पारित गरिसकिएको छ। कतिपय कानून बन्ने प्रक्रियामा छ। हामी यो नबिर्सौं कि स्थानीय तहको निर्वाचन हुने बखतसम्म स्थानीय तहको काम, कर्तव्य र अधिकारलाई परिभाषित गर्ने कुनै कानून थिएन। संविधानले खाका मात्रै दिएको थियो। निर्वाचन भइसकेपछि बल्ल कानून बन्न थाले। अझ पनि कतिपय कानून प्रक्रिया मै छ। सङ्घीयताको आधार भनेको संविधानले नै उल्लेख गरेको छ - सहभागिता, समन्वय र सहअस्तित्व। के कुरा बुझ्नुपर्छ भने विभिन्न राज्य मिलेर अमेरिका बनेको जस्तो पनि होइन। हिन्दुस्तानको पनि विभिन्न सङ्घीय अभ्यास ब्रिटिस कालमै भइसकेको थियो। सन् १९३०/३४ मै त्यहाँ प्रान्तीय संरचना निर्माण भइसकेका थिए। हामी कहाँ फरक के छ भने केन्द्रीय शासनलाई सङ्घीयतामा रूपान्तरण गरिएको हो। यो प्रान्तीय वा प्रादेशिक शासनलाई सङ्घीयतामा परिवर्तन गरेको होइन, केन्द्रलाई नै हामीले परिवर्तन गरेका हौं। यो मूलभूत सिद्धान्त बुझे मात्रै सङ्घीयता बुझिन्छ। शाश्वत विश्वव्यापी सिद्धान्त, स्वशासन र साझेदारी शासन हामीले स्वीकार गरेको अवस्था हो। साझेदारी शासन पनि छ। आफ्नो संरचनामा स्वशासन पनि छ।

**मन्त्रीज्यू, कानून धेरै बने भनेर माथि उल्लेख गर्नुभयो तर, महत्वपूर्ण ठानिएको सङ्घीय निजामती सेवा ऐन अझै बन्न सकेको छैन। किन ढिलाइ भइरहेको छ ?**

- सरकारले संसदमा प्रस्तुत गरिसकेपछि र माननीय सदस्यहरूले संशोधन गरिसकेपछि संसदले सम्बन्धित समितिमा पठाएको अवस्था हो। समितिबाट पारित हुन बाँकी छ। आउँदो संसद अधिवेशनबाट पारित हुन्छ। त्यसले अहिलेको निजामती सेवालाई एक ढङ्गले व्यवस्थित गर्छ। सङ्घीयताको सबै सिद्धान्तलाई स्वीकार गर्छ। त्यो निर्माण भएपछि कानूनअनुसार निर्देशित हुन्छ र व्यवस्थित रूपमा अघि बढ्ने आधार खडा हुन्छ।

**कर्मचारी समायोजनको कुरा निकै पेचिलो बन्यो। त्यसले अझै पूर्णता पाउन सकेको देखिँदैन। खासमा व्यवधान के हो र कहाँनेर छ ?**

- अहिले हामी समायोजनको चरणमा छैनौं। एक किसिमले भन्ने हो भने सैद्धान्तिक रूपले समाधान भइसकेको छ। समायोजनका केही अप्ठ्यारा सामना गरिरहेका छौं। क्रमशः मन्त्रालय समाधान गर्नेतर्फ गइरहेको छ। कर्मचारी पनि व्यक्ति हुन्, चन्दा पुरस्कारबाट नभई लोकसेवा दिएरै आएका हुन्। उनीहरूसँग गरिएको व्यवहार, कार्यविभाजन, पदस्थापनमा समायोजनले केही ठाउँमा चुनौती सिर्जना गराइदिएको पक्कै हो। यो सवाल समाधानतर्फ उन्मुख छ।

समायोजन हुनुपूर्व केन्द्रमा रहेका २६ हजार ७७३ कर्मचारीले सबै कार्यालय सञ्चालन गरेका थिए। समायोजनमा लैजाँदा ४९ हजार कर्मचारी सङ्घमा मात्रै थुपारेर राख्यौं। त्यसकारण कर्मचारी प्रशासनको बनौटमा कहीँ न कहीँ पुनःविचार गर्नुपर्ने अवस्था छ। देशका लागि आवश्यक प्राविधिक र गैरप्राविधिक कर्मचारीको सन्तुलन र आवश्यकताको विषयमा गम्भीरपूर्वक सोचिएको छैन। अझै प्राविधिक कर्मचारी अत्यन्तै कम छ जसको अभावमा हाम्रो विकास प्रक्रिया सही ढङ्गले अघि बढ्न सकेको छैन।

त्यस्तै, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजन गर्ने क्रममा प्रशासनको जम्मा एक जना उपसचिव मात्रै स्थानीय तहमा समायोजन भएर गए। सबै हामीले सङ्घमा थुपार्‍यौं। सङ्घ बोझिलो भयो। प्रदेश र स्थानीय तहको खास खास भूमिका छ र त्यहाँ बजेट गइरहेको छ तर, त्यसलाई परिचालन गर्ने यन्त्रको अभाव भयो। यी सबै विषमा गहिरिएर हेर्नुपर्छ। हामी कहाँ पनि चुक्यौं भने नयाँ संविधान जारी भएपछि यो सरकार परिवर्तन नभई प्रणाली परिवर्तन भएको थियो। त्यसका लागि उच्चस्तरीय प्रशासन सुधार आयोगको आवश्यकता थियो। हामीले गर्न सकेनौं। २०४८ सालको निर्वाचन पश्चात् हामीले उच्चस्तरीय प्रशासनिक सुधार आयोग गठन गरेका थियौं जसले केही पञ्चायतकालीन संरचना फाल्ने काम गर्‍यो। केही नयाँ संरचनाहरू निर्माण भएका थिए। ती सबैलाई ध्यानमा राखेर प्रशासनिक सुधार गर्नुपर्ने आवश्यकता थियो। अहिले पनि कतिपय नयाँ संरचना निर्माण भएका छन्। कतिपय आयोग नयाँ थपिएका छन्। कतिपय पुराना हटाएका छन्। समष्टिमा विचार गरेर प्रशासनिक पुनःसंरचना हुनु पर्दथ्यो, त्यो गर्न सकिएन। त्यसपछि एकैचोटि कर्मचारी समायोजन गर्न खोज्दा पर्याप्त गृहकार्यको अभावमा कर्मचारी समायोजन हुन पुग्यो। त्यसले के समस्या निम्त्यायो भने जहाँ १० वटा दरबन्दी छ, त्यहाँ २० कर्मचारी खटाइएको छ। अरु ठाउँमा अभाव देखियो। भन्न खोजेको के भने बनोट र वितरणमा सन्तुलन भएन। त्यो जटिलता अहिले पनि हामीले भोगिरहेका छौं।

**कर्मचारी प्रशासनमा आर्थिक अनुशासन अभावको कुरा गम्भीर रूपमा उठ्ने गरेको छ। पैसा नदिई काम नै हुँदैन**

बाँकी तीन पृष्ठमा

# प्रहरीको आचरण सुधार गर्न 'आचारसंहिता'

काठमाडौँ, १ असोज (रासस) ।

समयानुकूल कर्मचारीको आचरण सुधार गर्न नेपाल प्रहरीले आचारसंहिता जारी गरेको छ । नागरिकको जीउधनको सुरक्षा, सार्वजनिक सम्पत्तिको रक्षा, अपराध नियन्त्रण एवं अनुसन्धान गर्ने कार्यमा शिष्ट, मर्यादित, जवाफदेही, कर्तव्यनिष्ठ, नैतिकता र अनुशासनप्रति प्रतिबद्ध बनाउन आचारसंहिता जारी गरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

प्रहरी नियमावली, २०७१ को नियम १९६ बमोजिम प्रहरी महानिरीक्षकबाट नेपाल प्रहरीका कर्मचारीले पालना गर्नुपर्ने 'आचार संहिता सम्बन्धी कार्यादेश, २०७७' जारी गरिएको प्रहरी प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक कुबेर कडायतले बताउनुभयो । जारी आचारसंहितामा प्रहरी कर्मचारीले सेवा प्रवाह गर्दा, सेवाग्राहीसँग व्यवहार गर्दा वा व्यक्तिगत एवं पेशागत कर्तव्य निर्वाहका क्रममा आग्रह वा पूर्वाग्रह नराख्न, समान व्यवहार गर्न, प्रहरी सङ्गठन र कार्यालयको गरिमा बढाउने किसिमको उच्च नैतिकता प्रदर्शन गर्न भनिएको छ ।

व्यक्तिगत आचरण तथा अनुशासनमा रही समयको पालना गर्दै काम, कर्तव्य इमानदारी र तत्परताको साथ गर्नुपर्ने संहितामा उल्लेख छ । जाति, लिङ्ग, धर्म, सम्प्रदाय, शरीर विशेषका आधारमा होच्याउने, हेप्ने, टिप्पणी गर्ने, मजाक गर्ने, हाउभाउ प्रकट गर्नेजस्ता क्रियाकलाप गर्न न हुनेमा जोड दिइएको छ ।

व्यावसायिकतालाई आत्मसाथ गरी प्रहरी अधिकृत तथा जवानबीच एकापसमा भाइचारापूर्ण सम्बन्ध कायम गर्न, कार्यसम्पादन सम्बन्धमा आफ्नो काम प्रति अद्यावधिक भइरहन, आजको काम आजै गर्ने परिपाटी विकास गर्न, आफूले सम्पादन गरेको कार्यको संस्थागत अभिलेख राख्नसमेत निर्देश गरिएको छ ।

सरकारका विभिन्न निर्देशिका र प्रहरी ऐन तथा नियमावलीमा भएका व्यवस्थालाई अक्षरशः पालना तथा आर्थिक पारदर्शिता कायम गर्ने सन्दर्भमा कुनै कमजोरी नगर्न समेत भनिएको छ । प्रहरी कर्मचारीले नागरिकमैत्री अवधारणा अनुरुप सेवा ग्राहीलाई सेवा प्रवाह गर्नुपर्ने आचारसंहितामा उल्लेख छ । सेवा प्रवाह गर्दा विनम्रताका साथ सभ्य र शिष्ट भाषा प्रयोग गर्न तथा फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक र बालबालिकालाई प्राथमिकतामा राखी सेवा प्रवाह गर्न भनिएको छ ।

अनुमति प्राप्त नगरी विदेशी नियोग, विदेशी कूटनीतिक व्यक्ति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह सरकारी संस्थासँग भेटघाट, सम्पर्क तथा सहकार्य नगर्न निर्देशन दिइएको छ । पदीय जिम्मेवारी र दायित्वसँग असम्बन्धित कार्यक्रममा सहभागी हुन, सम्बोधन गर्न, मन्तव्य दिन या अन्य टीकाटिप्पणी गर्न रोक लगाइएको छ । व्यक्तिगत स्वार्थपूर्ति वा लोकप्रियताको लालचमा सञ्चार माध्यमको प्रयोग र सूचना चुहावट गर्न नहुनेमा जोड दिइएको छ । सामाजिक सञ्जालबाट राष्ट्रिय अखण्डतामा खलल पार्ने, साम्प्रदायिक दङ्गा भड्काउने, आतङ्कारी गतिविधिलाई प्रश्रय दिने, शान्ति सुरक्षामा खलल पार्ने तथा अपराध अनुसन्धानलाई प्रभावित पार्ने गतिविधिहरू प्रकाशन, प्रसारण गर्न सामाजिक सञ्जालबाट सार्वजनिक गर्न नहुनेमा जोड दिइएको छ ।

कानूनको पूर्ण पालना गर्दै मानव अधिकार सम्बन्धि सिद्धान्तको संरक्षण, सम्बर्द्धन तथा परिपालनामा ध्यान दिन भनिएको छ । विपरित लिङ्गीको सम्मान गर्नसमेत भनिएको छ । कार्यादेशको पालना सम्बन्धमा प्रहरी प्रधान कार्यालय, महानगरीय प्रहरी कार्यालय, प्रदेश प्रहरी कार्यालय, सङ्घीय प्रहरी इकाइ कार्यालय, महानगरीय प्रहरी परिसर र जिल्ला प्रहरी कार्यालयमा समितिमार्फत अनुगमन गर्ने जनाइएको छ ।

# कोरोना जोखिमका कारण गेरुकाधाम धार्मिक मेला नलाग्ने

महोत्तरी, १ असोज (रासस) ।

कोभिड–१९ सन्त्रासले यसपाली महोत्तरीमा अधिकमासको पुरुषोत्तम स्नानको गेरुकाधाम धार्मिक मेला नलाग्ने भएको छ ।

जिल्लाको लोहारपट्टी नगरपालिका–४ खुट्टापिराडीस्थित गेरुकाधाममा परापूर्वकालदेखि लाग्दै आएको पुरुषोत्तम स्नान मेला नलाग्ने भएको हो । जताततै कोभिडस–१९ सङ्क्रमणको जोखिम कायम नै रहेको हुँदा यसपाली असोज महिनाभरिको गेरुकाधाम मेला रोकिएको लोहारपट्टी नगरपालिकाका प्रमुख शैलेन्द्र यादवले जानकारी दिनुभयो । आज असोज सङ्क्रान्तिका दिन नै अपराह्नपछि असोज शुक्ल प्रतिपदा लाग्नेसँगै अधिकमास शुरु हुँदैछ ।

आदिकालदेखिकै धार्मिकस्थल रहेको गेरुकाधाममा प्रत्येक तीनवर्षको फरकमा चन्द्रमासको गणनामा आउने अधिकमास (बोलीचालीमा मलमास) मा धार्मिक मेला लाग्ने चलन छ । अधिकमासमा गेरुकाधामस्थित गेरुकाकुण्डमा पसेर स्नान गरेपछि सबै पापबाट छुटकारा पाई मोक्ष प्राप्ति हुने मैथिल हिन्दूको जनविश्वास रहँदै आएको छ । अधिकमासलाई धर्मशास्त्रहरूमा भगवान विष्णुसँग जोडेर पुरुषोत्तममास भनिएको छ । यस मासमा धार्मिक स्नान गरेर पुरुषोत्तम पुराण श्रवण (सुन्दा) गरे मनवाञ्छित फल पाइने पुरुषोत्तम पुराणमा उल्लेख रहेको वैदिकधर्म परम्पराका ज्ञाता जिल्लाकै जलेश्वर नगरपालिका–८ बजराहीका मनोहरनाथ पाठक बताउनुहुन्छ ।

यसपाली तिथि प्रवेशले आजै अधिकमास (पुरुषोत्तम मास) प्रारम्भ भए पनि यसको गणना भोलि शुक्रबारदेखि हुने ज्योतिषविद् बताउँछन् । यो अधिकमास एक महिनाअर्थात असोजभरि रहने छ । यसभित्र चन्द्रमासको गणनाले अधिक असोज शुक्लपक्ष र अधिक असोज कृष्णपक्ष रहने छन् । अधिकमासको

*बाँकी अन्तिम पृष्ठमा*

## *देशको विविधताले ...*

**भन्ने कुरा बेलाबलामा आइरहेका छन्, यसमा तपाईको भनाइ के छ ?**

– हामीले प्रणालीको हिसाबले आर्थिक अनुशासन र पारदर्शीतालाई हेर्नुपर्छ । संसारमा कहीं पनि राम राज्य छैन । प्रणाली जहाँ सही ढङ्गले विकास भएको छ, त्यहाँ प्रभावकारी काम पनि हुन्छ र त्यहाँ आर्थिक अनियमितताको मात्रा कम हुँदै जान्छ । हाम्रो पनि केही संरचना संविधानले निर्माण गरेको छ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग छ, सरकारी खर्चको लेखापरीक्षण गर्ने काम महालेखापरीक्षको कार्यालयले गरिरहेको छ । तीनै तहमा त्यसले हेर्छ । सङ्घ, प्रदेश र स्थानीय तहको खर्चको लेखा प्रतिवेदन महालेखाले राष्ट्रपतिसमक्ष पेश गर्ने संवैधानिक व्यवस्था छ । राष्ट्रपतिबाट कार्यकारी प्रमुखमार्फत संसदमा जान्छ । सङ्घीय संसदको सार्वजनिक लेखा समिति र प्रदेशसभाको सार्वजनिक लेखा समितिले त्यस विषयमा छलफल गरेर निरूपण गर्छ । समस्या कहाँनेर छ भने स्थानीय तहमा त्यस्तो संरचनाको अभाव देखियो । हाम्रो प्रयत्न अहिले त्यहीँ केन्द्रित छ । स्थानीय तहको लेखा परीक्षण प्रतिवेदनलाई छलफल र निर्णय गर्ने उपयुक्त संवैधानिक र कानूनी निकाय निर्माणको प्रक्रियामा छौँ ।

**प्रदेश सीमाङ्कनको विषयमा केही दलको फरक मत छ । तराई केन्द्रित दल, आदिवासी जनजातिका आ–आफ्नै माग छन् । ती माग सम्बोधन गर्न संविधान संशोधन आवश्यक छ कि छैन ?**

– संविधान संशोधन भइसकेकै हो नि । संविधान संशोधन नै नहुने जड पदार्थ त होइन नि । समाजको विकास क्रम, आवश्यकता र अनुकूलतासँग संशोधन भइरहन्छ । जुन संविधान संशोधन योग्य रहन्छ, त्यही संविधान दीर्घजीवी पनि रहन्छ । त्यसकारण संशोधनलाई अस्वीकार गर्ने स्थिति रहँदैन । समयानुकूल संशोधन भइरहन्छ । अभ्यासको क्रममा जाँदा देखिएका कठिनाइ र चुनौतीको विषयमा सबैको सहमतिको वातावरण बन्यो भने संशोधन हुँदैन भन्ने प्रश्नै हुन्न ।

शुरु मै मैले भनेको छु, संविधानको सुन्दर पक्ष भनेको यसको प्रस्तावना हो । प्रस्तावनाले माग गरेका विषय, उठाएका चुनौती र यसले देखेका यथार्थतालाई हेरेर संशोधन गर्न नसकिने भन्ने विषय नै भएन । कार्यान्वयनको क्रममा जाँदा कहाँ कहाँ चुनौतीहरू आए त्यो हेरेर निरूपण गर्ने हो । जस्तै कानूनसँग भएका चुनौती छन् भने कानून संशोधन हुन्छ, संविधानसँग जोडिन पुग्यो भने संविधान संशोधन हुन्छ । पहिलो कुरा कार्यान्वयनमा जाँदा देखिएका चुनौती अनुभूत हुनुपर्‍यो । त्यसअनुसार यस विषयमा खुला मनले छलफल गर्नुपर्छ ।

**तराईमा खास समस्या के हो ? अलि स्पष्ट पारिदिनुहुन्छ कि ?**

– राजकीयसत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित छ भन्ने कुरा स्थापित भइसक्यो । सङ्घीय गणतान्त्रिक संविधान निर्माण गरिसकेका छौँ । यो मूलभूत सिद्धान्तभित्र रहने हरेक संशोधन ग्राह्य हुनुपर्छ । मैले महत्वका साथ उठाउनै पर्ने विषय के छ भने संविधान निर्माणको क्रममा जाँदा हामी राजनीतिक शक्तिका बीच जति बहस र विवाद भौगोलिक संरचनामा भयो त्यति ध्यान राज्य पुनःसंरचनामा जान सकेन । म स्वयं पनि स्वीकार गर्दछु, किनकि म पनि त्यस समितिको एक सदस्य हुँ । भौगोलिक संरचनामा कुन जिल्ला कुन प्रदेशमा जाने, कुन क्षेत्र कुन प्रदेशमा कसरी जाने भनेर विवाद भयो । राज्य पुनःसंरचनाको विषयमा गहनपूर्वक छलफल केन्द्रित गर्न सकेनौं । कहीं न कहीं हामी त्यहाँ चाहीँ चुकेकै हौं । राज्य पुनःसंरचनालाई भौगोलिक पुनःसंरचनाको रूपमा हेरियो, समस्या त्यहीँनेर भयो । जुन राज्य पुनःसंरचना खोजिएको थियो, जुन राज्यको बनावट हुनुपर्दथ्यो, त्यो नभएर भौगोलिक बनावटमा मात्र ध्यान गयो । त्यसकारण राज्यको रूप मूलभूत रूपले परिवर्तन हुन सकेन भन्ने लाग्छ ।

**पहिचानको मुद्दा सही ढङ्गले कसरी व्यवस्थापन गर्न सकिन्छ ?**

– पहिचानको मुद्दा त आफ्नो ठाउँमा महत्वपूर्ण छँदैछ । त्यो भन्दा पनि पीडादायी विभेदको मुद्दा हो । देश हामी सबैको हो, राज्य पनि हामी सबैको हुनुपर्छ, मूल विषय यही हो । देश सबैको हुने राज्य केहीको मात्रै हुने गर्दा त्यहाँ विभेदको खाडल बढ्दै जान्छ । त्यहाँ एक किसिमको द्वन्द्व बढ्छ । त्यो चरण हामीले हेर्दै आइरहेका छौं । अहिले त्यसलाई समाधान गर्ने बाटो सङ्घीयता सिद्धान्ततः स्वीकार गरेर अगाडि बढाइरहेका छौं । मधेशको मुद्दामा मधेशका राजनीतिकर्मी विशेषतः आफूहरूलाई प्रदेश २ मा केन्द्रित गराए र मधेसबाहेकका राज्यका मूल प्रवाहमा रहेका राजनीतिकर्मीले पनि त्यही सिद्धान्त र मान्यतालाई स्वीकार गरेको देखिन्छ । त्यसकारणले समग्र मधेसी समाजको भावना र विषय एउटा प्रदेश विशेषमा मात्रै केन्द्रित गराउने प्रयास गरियो । त्यो आफैँमा विकृत प्रयास थियो । त्यसले पनि के गर्‍यो भने अहिले प्रदेश २ ले आफूलाई सर्वोच्चता हासिल गर्दै यो प्रतिष्पर्धामा उत्तीर्ण गराउनु पर्ने भएको छ । त्यो चुनौती त्यहाँका नेताको काँधमा छ ।

केही उदाहरण कस्ता छन् भने मधेसवादी दलले अरु कुनै प्रदेशमा तालमेल गरेनन् । जम्मा प्रदेश २ मा मात्रै तालमेल गरे । त्यसको कारण के थियो भने त्यही प्रदेशमा मात्रै नेता रहेका हुनाले आफ्नो स्वार्थ अनुकूलको चुनावी गठबन्धन गरे । त्यसैमा सन्तोष माने । अब प्रदेश सरकार र प्रदेशसभाले कामको प्रतिष्पर्धाले निर्वाचनमा दिइएको बाचा अनुसारको काम गर्नुपर्ने चुनौती आइपरेको छ ।

**कसरी निकास निकाल्न सकिन्छ जस्तो लाग्छ तपाईलाई ?**

– पहिले त संविधान कार्यान्वयन सही ढङ्गले गरौँ । त्यसमा अप्ठ्यारा जे आउँछ, क्रमशः निकास निस्किँदै जान्छ । पहिले त कुन कुन बिन्दुमा हामीले के खोजेको पहिचान गर्न जरुरी छ । जस्तो भाषा आयोग छ, मधेसी, समावेशी दलित, मुस्लिम, थारु आयोग छन्, यी आयोगले पनि आफ्नो प्रभावकारिता स्थापित गर्नुपर्छ । राजनीतिक प्रतिनिधित्व हुँदाहुँदै राज्यका अङ्गमा तिनको प्रतिनिधित्व कसरी गराइन्छ, त्यो हेर्न अझै बाँकी छ ।

**प्रहरी र सेनामा भर्ती, आर्थिक व्यवस्थापनलगायतका कुरामा स्वायत्तता दिने विषय पनि गम्भीर रूपमा उठिरहेको छ । स्वायत्तता आवश्यक हो र ?**

– प्रदेश प्रहरी कानून निर्माण भइसकेको छ । त्यससँग सम्बन्धित समितिमा सबै पार्टीको प्रतिनिधित्व छ । प्रश्न के हो भने केन्द्रीयताबाट सङ्घीयतामा गएको हुनाले केही समय अहिलेकै प्रहरी प्रशासनमा रहेकाबाट नै काम चल्नुपर्छ, जबसम्म उनीहरूको आफ्नै संरचना निर्माण हुँदैन । हाम्रो संविधानले प्रदेश प्रहरीको व्यवस्था गरेको छ । आफ्नो संरचना निर्माण नभएसम्म सङ्क्रमणकालमा यस्ता समस्या देखापर्छन् । त्यो क्रममा एक ढङ्गले राज्यका ती अङ्गहरू प्रवेश गरिरहेका पनि छन् । अधिकारको कुरामा संविधानले नै उल्लेख गरिसकेको छ, त्यही ने बाँडफाँड गर्ने न हो ।

# विश्व समाचार

## युद्ध हुनुको कारणको खोजी नभई युद्धबिराम हुँदैन : तालिबान

दोहा, १ असोज (रासस–एएनआई) ।

अफगानिस्तानमा युद्धरत तालिबान विद्रोही समूहले मुलुकमा युद्ध हुनुको मुख्य कारणबारे छलफल नभई युद्धबिराम गर्न नसकिने बताएको छ ।

तालिबान समूहका प्रवक्ता मोहम्मद नईमले प्रारम्भिक चरणको वार्ता शुरु भएलत्तै तालिबान समूहले हिंसात्मक कारबाहीमा कमी ल्याएको दाबी गर्नुभयो । उहाँले तर सरकारी फौजले आक्रामक कारबाही जारी राखेकामा दुःख व्यक्त गर्नुभयो ।

प्रवक्ता नईमले भन्नुभयो, "बीस वर्षदेखिको युद्ध एक घण्टामै अन्त्य हुन सक्दैन भन्नेमा सबै विश्वस्त हुन आवश्यक छ । हाम्रो दृष्टिकोणमा वर्तमान समस्या र युद्धका मुख्य पक्षहरूका बारेमा छलफल गरिनु सान्दर्भिक हुन्छ ता कि यो समस्यालाई स्थायी रूपमै समाधान गर्न सकिन्छ ।"

उहाँले थप्नुभयो, "मानिलिउँ, आजै हामीले युद्धबिराम घोषणा गर्‍यौं, तर भोलि हामी सहमतिमा पुगेनौं भने त्यसको जिम्मेवारी कसले लिन्छ ? के हामीले फेरि युद्ध शुरु गर्नु ? यसको अर्थ के हो ?" उहाँले तालिबानको मुख्य चाहना नै अफगानिस्तानलाई इस्लामिक राष्ट्र बनाउनु हो र यसका बारेमा आमजनता र मुलुक नै दृढ छ भन्नुभयो ।

प्रवक्ता नईमले भन्नुभयो, "हाम्रो अर्को उद्देश्य अफगानिस्तानमाथिको विदेशी अतिक्रमण अन्त्य गर्नु हो ।"

उहाँले वार्तामा उतारचढाब भए पनि अफगान र तालिबान प्रतिनिधिमण्डलबीचको वार्ता सकारात्मक निष्कर्षमा पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले आफूहरू बलियो इच्छाशक्ति र प्रतिबद्धताका साथ शान्ति प्रक्रियामा प्रवेश गरेको बताउँदै विभिन्न जटिलताका बाबजूद यो प्रक्रिया सहज रूपमा अघि बढ्नेछ भन्नुभयो ।

अफगान सरकार र तालिबानबीच कतारको दोहामा वार्ता हुन थालेको पाँच दिन पुगिसकेको छ । यो अफगान सरकार र तालिबानबीचको पहिलो औपचारिक वार्ता हो । सूत्रका अनुसार औपचारिक सम्झौताका लागि दुवै पक्षबीच कार्यविधि र विधिका बारेमा सहमति जुट्न सकेको छैन ।

## अमेरिकामा अक्टोबरदेखि कोरोनाविरुद्धको खोप बाँड्न सकिन्छ : ट्रम्प

वासिङ्टन, १ असोज (रासस/एएनआई) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आगामी अक्टोबरसम्ममा कोरोनाभाइरस विरुद्धको खोप अमेरिकामा वितरण गर्न सकिने बताउनुभएको छ ।

स्थानीय समयअनुसार बुधबार उहाँले अक्टोबरमा देशभरी नै खोप वितरण गर्न सकिने सम्भावना रहेको जानकारी दिनुभएको हो ।

उहाँले सन् २०२० को अन्त्यसम्ममा १० करोड खोप वितरण गर्ने तयारी भइरहेको बताउनुभयो ।

कोरोनाभाइरस विरुद्धको खोप तयार हुँदैछ, हामी आगामी अक्टोबर महिनामा त्यसलाई वितरण गर्नसक्ने अवस्थामा पुग्ने विश्वास लिएको छु, यो सबैका लागि धेरै उपयोगी र प्रभावकारी हुनेछ, उहाँले भन्नुभयो ।

उहाँले थप्नुभयो, "यसलाई कहिलेदेखि वितरण गर्न सकिनेछ भन्ने कुरा जतिसक्दो चाँडो घोषणा गर्ने तयारी भइरहेको छ ।"

उहाँले अक्टोबरको मध्यसम्ममा कोरोनाविरुद्धको खोप प्रयोगमा आउने अनुमान गर्दै केही गरी ढिला भएमा केही दिन मात्रै ढिला हुनसक्ने बताउनुभयो ।

आफूले जतिसक्दो चाँडो कोरोना नियन्त्रणका प्रयासहरू गरिरहेको दाबी गर्दै राष्ट्रपति ट्रम्पले डेमोक्र्याटतर्फका आफ्ना प्रतिस्पर्धीले भने त्यसलाई रोक्न सक्ने आरोप पनि लगाउनुभयो ।

कोरोनाभाइरसबाट अति प्रभावित भएको अमेरिकामा अहिलेसम्म ६६ लाख १६ हजार ४५८ जना सङ्क्रमित भएका छन् भने कोरोनाकै कारण एक लाख ९६ हजार ४३६ जनाको मृत्यु भएको छ ।

## भारतका केन्द्रीय मन्त्री नितिन गड्करीलाई कोरोना संक्रमण

नयाँदिल्ली, १ असोज (रासस/एएनआई) ।

भारतका केन्द्रीय यातायात मन्त्री नितिन गड्करीलाई कोरोनाभाइरस सङ्क्रमण भएको छ ।

उहाँले आफू कोरोनाभाइरसबाट सङ्क्रमित भएको सामाजिक सञ्जालबाट जानकारी दिनुभएको छ ।

उहाँले पछिल्लो समयमा आफ्नो सम्पर्कमा आएकाहरूलाई तत्काल स्वास्थ्य परीक्षण गर्न र सतर्कता अपनाउन पनि आह्वान गर्नुभएको छ ।

"मैले हिजो कमजोर महसुस गरेँ, अनि मैले चिकित्सकसँग परामर्श गरेँ, अनि कोरोना परीक्षण गर्दा कोरोनाभाइरसबाट सङ्क्रमित भएको नतिजा आयो," उहाँले बुधबार सामाजिक सञ्जाल ट्वीटरमा लेख्नुभएको छ ।

उहाँले थप लेख्नुभएको छ, "भगवानको कृपा र तपाईहरू सबैको शुभेच्छाले मलाई अहिले धेरै निको भइसकेको छ, म अहिले आराम महसुस गरिरहेको छु ।"

# प्याजको कालोबजारी गर्ने तीन व्यापारी पक्राउ, पसल सील

**दैनिक समाचारदाता**
**सिरहा, १ असोज ।**

भारतले प्याजको निर्यातमा प्रतिबन्ध लगाएसँगै सिरहामा प्याजको कालोबजारी शुरु भएपछि स्थानीय प्रशासनले बजार अनुगमनलाई तीव्र पारेको छ। अनुगमनका क्रममा प्याजको कालोबजारी गर्ने सिरहाका विभिन्न स्थानको तीन वटा पसलमा सील गर्दै त्यसका सञ्चालकलाई पक्राउ गरेको छ।

सिरहाको गोलबजार, मिर्चैया र लहान बजारको पसल तथा गोदामबाट प्याज कालोबजारी भइरहेको सूचनाका आधारमा इलाका प्रशासन कार्यालय लहान सिरहा, जिल्ला प्रहरी कार्यालय सिरहा, उद्योग व्यापार सङ्घका प्रतिनिधि, स्थानीय जनप्रतिनिधिसहितको अनुगमन टोलीले विक्री वितरणका लागि राखिएको साढे सात हजार किलो प्याजसहित पसल सञ्चालकहरूलाई पक्राउ गरेको हो।

टोलीले प्याजमा कालोबजारी गरेको आरोपमा गोलबजार नगरपालिका-४ स्थित जयलक्ष्मी सब्जी भण्डारका सञ्चालक मिर्चैया नगरपालिका-५ निवासी ४४ वर्षीय उमेशप्रसाद साह, मिर्चैया नगरपालिका-५ स्थित जयमाता दी सब्जी भण्डारका सञ्चालक विनोदकुमार साह र लहान नगरपालिका-३ स्थित गङ्गा ट्रेडर्सका सञ्चालक रामनारायण नायकलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

## *कोरोना जोखिमका ...*

समाप्तिसँगै बडादशैं पर्वको असोज शुक्लपक्ष शुरु हुनेछ।

अधिकमासमा गेरुका स्नान मात्र नभएर हजारौं गाडीको आवतजावत, खेलतमासा र भीडभाडसहितको मेला (जात्रा) लाग्ने भएको हुँदा सङ्क्रमण जोखिमलाई मध्यनजर गर्दै मेला रोक्नु परेको नगरप्रमुख यादवको भनाइ छ। आइतबार र मङ्गलबार गेरुका मेला लाग्ने यहाँको परम्परा छ। धार्मिक स्नान प्रयोजनका लागि मात्र भौतिक दूरीको निर्वाह र अन्य सुरक्षा सतर्कता अपनाएर पैदल नै स्नान गर्न आउनेलाई भने नरोकिने नगरप्रमुख यादवले बताउनुभयो।

जनकपुरधामसँगै जोडिएको गेरुकाधाम स्नानका लागि मिथिला क्षेत्रका अतिरिक्त भारतका तीर्थयात्रीको घुइँचो हुने गरेको विगतका अनुभव छ। तर, यसपाली नेपाल-भारत आवतजावत नखोलिएको हुँदा मेला रोकिन मद्दत पुगेको लोहारपट्टीवासी बताउँछन्।

# एकै दिन एक दर्जन योजनाको उद्घाटन



**दैनिक समाचारदाता**
**राजविराज, १ असोज ।**

प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले बिहीबार एकै दिन १२ वटा योजनाको उद्घाटन गरेका छन।

सप्तरीको हनुमाननगर कंकालनी नगरपालिका क्षेत्रमा संचालित सवै योजनाहरु सम्पन्न भए पछि विहिबार आयोजित छुट्टाछुट्टै समारोहमा मन्त्री साहले ती योजनाहरुको उद्घाटन गरेका हुन।

तराई मधेश समृद्वि कार्यक्रम अर्न्तगत प्रदेश २ सरकारको सामाजिक विकास मन्त्रालाय तथा मन्त्री साहको संसदीय विकास कोषको गरी झण्डै ५ करोड रकमको लागतमा योजनाहरुको निर्माण कार्य सम्पन्न भएको जनाइएको छ।

उदघाटन गरिएको योजनाहरुमा तीन वटा अधारभुत स्वास्थ्य केन्द्र भवन र एक/एक सामुदायिक भवन, अतिथी घर, आर्युवेद औषधालय भवन, बोटनी गार्डेन र र्धमशाला रहेका छन।

यस्तै भारतीय सीमासँग जोडिएको रमपुरा मल्हनियामा नेपाल-भारत मैत्रीद्वार तथा नगरको विभिन्न तीन स्थानमा स्व. गजेन्द्रनरायण सिंहको स्मारक स्थलको पनि उद्घाटन गरिएको छ।

विकासको प्रचुर सम्भावना रहेर पनि प्रदेश २ निकै पछि परेको बास्तविकतालाई दृष्टीगत गरी प्रदेश २ सरकारले पनि विकासमा जोड दिईदै आएको बताएका मन्त्री साहले जनाताको आवश्यकतालाई हेरेर साधन श्रोतले भ्याए सम्म अगामी दिनमा पनि थप योजनाहरुलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे।

उद्घाटनका अवसरमा राष्ट्रिय सभा सदस्यद्वय शेखर सिंह, मृगेन्द्र कुमार सिंह यादव, पूर्व उपसभामुख गंगाराम यादव, जिल्ला समन्वय समितीका प्रमुख प्रभाकर यादव, हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख शैलेस साह, राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रसाद यादव, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिस कुमार सिंह, जिल्ला स्वास्थ्य कार्यालायका प्रमुख दुनियालाल यावदको पनि सहभागिता रहेको थियो।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सावर्जनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**सप्तकोशी नगर कार्यपालिकाको कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*